# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

प्रदेश नं. ३, नेपाल

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: 2077/078 | फोन नं. ०१-४३१५७६६

च.नं.: 989 | मिति : २०७८।३।१

विषय- शिक्षकहरुको छुट प्राविधिक ग्रेड सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालय तथा शिक्षकहरु,
च.न.पा. बलम्बु, काठमाण्डौं ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.२०० मिति २०७८।२।९ गतेको शिक्षकको छुट प्रविधिक ग्रेड प्रदान गर्ने आधार र प्रक्रियाहरु सम्बन्धमा माननीय मन्त्रीस्तरीय निर्णय अनुसार देहायबमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

१. मिति २०५७ साल आषाढ मसान्तसम्म तालिम प्राप्त गरी स्थायी भएका र प्राविधिक स्केल खाइपाइ आएका कार्यरत वा अवकाश प्राप्त शिक्षकलाई मात्र विशेष व्यवस्था अनुसार प्रविधिक २ (दुई) ग्रेड थप ग्रेड दिने व्यवस्था भएको र २०७३ असार मसान्तसम्म प्राविधिक ग्रेड खाइपाइ आएका र २०७३ श्रावण यता कार्यरत रहेका वा सेवा निवृत त्यस्ता शिक्षकहरुको हकमा मात्र प्राविधिक ग्रेड छुट सुविधा उपलब्ध हुने ।

२. प्राविधिक शिक्षकहरुले मिति २०७३/०४/०१ पश्चात पाउने १ दिनेको तलब बराबरको एक ग्रेड हिसावले प्राविधिक २ (दुई) ग्रेड वापत हुने रकमबाट भुक्तानी पाईसकेको एकमुष्ट रकम घटाई बाँकी रकम मात्र भुक्तानी हुने ।

३. हाल पदमा वहाल नरहेका तर २०७३/०४/०१ पछि सेवा निवृत भईसकेका २०५७ आषाढ मसान्तभित्रै तालिम प्राप्त र स्थायी नियुक्ति लिई साविक प्राविधिक २ ग्रेड खाँदै आएकाको हकमा निजहरुलाई समेत २०७३/०४/०१ देखिको पाउनुपर्ने प्राविधिक ग्रेड वापतको फरक रकम उपलब्ध गराउने ।

४. छुट प्राविधिक ग्रेड रकम पाउने शिक्षकहरुको चालु आर्थिक वर्ष २०७७/०७८ को शुरु देखि नै तलब मानमा नै एक ग्रेडको एक दिनको तलब बरावरको दरले हुन आउने २ (दुई) ग्रेडको रकम हिसाव गरी उक्त रकमबाट भुक्तानी पाईसकेको एकमुष्ट रकम घटाई तेस्रो चौमासिकमा अघिल्ला २ चौमासिकको थप्नुपर्ने रकमसमेत विद्यालयले माग फारममा समावेश गर्ने ।

५. आर्थिक बर्ष २०७३/०७४ देखि २०७६/०७७ सम्मको हकमा माथि बुँदा नं.२ मा उल्लेखित भए बमोजिम दिनुपर्ने बाँकी रकम शिक्षकको अलग्गै माग फारम भरी भर्पाई विद्यालयले माग गर्ने ।

कर्ण बहादुर भुवाजी
अधिकृत स्तर दशौं

# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
प्रदेश नं.३, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं.:............................

च.नं.:............................

मिति :...............................

६. छुट प्राविधिक ग्रेड पाँउन सक्ने शिक्षकले देहायका कागजातसहित मिति २०७६।३।९ गतेसम्म आफ्नो विद्यालयमा निवेदन दिने र विद्यालयहरुले कागजात रुजु गरी माग फारम सहितका कागजातहरु चन्द्रागिरि शिक्षा, युवा तथा खेलकुद शाखामा मिति २०७८।३।११ गतेसम्म बुझाई सक्नु पर्ने छ ।

(क) थप ग्रेड माग गर्ने शिक्षक हाल जुन तहमा कार्यरत रहेको हो सोही तहमा वि.स. २०५७।४।१ भन्दा अघि नै स्थायी भएको नियुक्ति पत्र । शुरु स्थायी नियुक्ति वि.सं. २०५७।४।१ भन्दा अघि नै भएको तर २०७३ साल पछाडी अर्को तहमा नियुक्ति लिएको हकमा २०७३।४।१ देखि सो नियुक्ति लिनु अघिको अवधिसम्म मात्र गणना गर्ने ।

(ख) वि.सं. २०५७।४।१ भन्दा अगाडि तालिम प्राप्त भएको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) अवकाश प्राप्त शिक्षकको हकमा माथि बुँदा नं. (क) र (ख) मा उल्लेख भएका कागजातसहित अवकाश पत्रको प्रतिलिपि समावेश गर्ने ।

७. विद्यालयहरुले बुँदा नं. ६ बमोजिमका कागजातहरु रुजु र प्रमाणित गरी रकम प्रस्ताव गरी निकासाका लागि पेश गर्ने ।

८. विद्यालयहरुले प्राप्त निकासा रकमबाट सम्बन्धित शिक्षकलाई भुक्तानी दिने ।

९. केही शिक्षकहरुले २०७१ श्रावण देखिनै जिल्ला शिक्षा कार्यालयले ग्रेड कटौति गरेकाले सो समेत पाँउनु पर्छ भनी माग गरेको र सम्मानित सर्वोच्च अदालतको आदेशमा २०५७ साल श्रावण १ गते भन्दा अगाडि नियुक्ति पाई प्राविधिक २ ग्रेड थप खाई पाई आएका शिक्षकहरुले उपरोक्त अनुसार भुक्तानी गर्न गराउन भनी परमादेश जारी भएकोले यस्ता शिक्षकको हकमा विद्यालयले माथि बुँदा नं.६ मा उल्लेख भएका कागजातका अतिरिक्त आर्थिक वर्ष २०७०।०७१ को तेश्रो चौमासिक माग फारमको प्रतिलिपि र तलबी भरपाइ तथा २०७१श्रावणदेखि २०७३ आषाढसम्मको माग फाराम र तलबी भरपाइको प्रतिलिपिसहितको विवरण स्थानीय तह मार्फत् शिक्षा विकास तथा समन्वय ईकाइमा पठाउने । यस्ता शिक्षकहरुको आर्थिक वर्ष २०७३।०७४ देखि यताको हकमा माथि उल्लेख भएबमोजिम अन्य शिक्षकहरु सरह नै गर्ने ।

१०. मिति २०५७०४।१ भन्दा अघि कुनै एक तहमा नियुक्ति भै प्राविधिक ग्रेड खाई पाई आएको शिक्षकले मिति २०५७।४।१ वा सो भन्दा पछि अर्को तहमा खुल्ला प्रतिशप्रर्धाबाट स्थाई नियुक्ति लिएको भएमा निज शिक्षकले सो मितिबाट खाई पाई आएको थप २ (दुई) ग्रेड पाउने छैन । तर एउटै तहको एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा भएको हकमा माध्यमिक तह प्रथम श्रेणी बाहेक अन्य श्रेणीको हकमा थप २(दुई) प्राविधिक ग्रेड पाउने छ । वि. सं. २०७३।४।१ पछि ग्रेड सामायोजन भएका शिक्षकहरुको छुट प्राविधिक ग्रेड रकमको व्यवस्था गर्दा ग्रेड समायोजन गर्दा खाइपाइ आएको ग्रेडमा नपुग ग्रेडको रकम मात्र थप गरी मिलान गर्नुपर्ने छ ।